# मूल्याङ्कनको सम्बन्धमा अभिभावकहरूका लागि दिग्दर्शन

## W-APT (WIDA-ACCESS PLACEMENT TEST)

मूल्याङ्कनहरूले विद्यार्थी, बुवा-आमा र शिक्षकहरूलाई विद्यार्थीहरूले 21 औं शताब्दीका तयार गरिएको ग्रेड स्तर र विषयसूचीका मानकहरूमा दक्षता हासिल गरेका छन् कि छैनन् र उनीहरू ग्रेजुएट गर्ने बाटोमा छन् कि छैनन् भन्ने मूल्यवान् जानकारी उपलब्ध गराउँछ। यी मूल्याङ्कनका नतिजाहरूले तपाईंको बच्चाको शैक्षिक प्रगतिका प्रमाणहरूको समूहबाट एउटा मापन प्रदान गर्नेछ भन्ने मनसाय राखिन्छ ।

## यो मूल्याङ्कन भनेको के हो ?

WIDA-ACCESS परीक्षण जिल्लाका ग्रेड K-1 का नयाँ विद्यार्थीहरूले लिने अङ्ग्रेजी भाषाको दक्षतासम्बन्धी परीक्षण हो जसलाई अङ्ग्रेजी भाषाका शिक्षार्थी (English learners वा Els) को रूपमा पहिचान गरिन सक्छ । (ELs). यसले शिक्षकहरूलाई Els पहिचान गर्न र विद्यार्थीलाई उपयुक्त कार्यक्रममा राख्न सहयोग गर्छ । W-APT परीक्षणले भाषाका चार क्षेत्रहरू सुनाइ, पठन, लेखन, र बोलाइमा सामाजिक तथा शैक्षिक भाषालाई मापन गर्छ । सामाजिक भाषा दैनिक परिस्थितिहरूको सञ्चारमा प्रयोग गरिन्छ भने शैक्षिक भाषा कक्षाकोठाको सञ्चारमा प्रयोग गरिन्छ ।

## मेरो बच्चालाई कहिले जाँच गरिन्छ ?

W-APT परीक्षण ग्रेड K-1 का अङ्ग्रेजी भाषा सिकिरहेका विद्यार्थीहरू प्रथम पटक जिल्ला प्रवेश गरेको समयमा एक पटक लिइन्छ । यो परीक्षण विद्यार्थी विद्यालयमा भर्ना भएको 10 दिन भित्र लिइन्छ र विद्यालय वर्षभरि जुनकुनै समयमा पूरा गर्न सकिन्छ ।

## मेरो बच्चाले कस्तो अङ्क प्राप्त गर्ने छन् ?

विद्यालय वर्षको प्रथम सेमेस्टरका दौरान किन्डरगार्टनको जाँच दिने विद्यार्थीहरू (यसमा ग्रेड 1 का विद्यार्थीहरू पनि पर्न सक्छन्) ले विद्यार्थीका अङ्ग्रेजी क्षमताहरूको बारेमा शिक्षकलाई जानकारी गराउन सहयोग गर्ने निदानसम्बन्धी जानकारी प्राप्त गर्छन् । एउटा अनुमानित अङ्क सिर्जित गरिन्छ । यो अङ्क विद्यार्थीले पूरा गर्न सक्ने सीपहरू खोज्न प्रयोग गरिन्छ । बोलाइ र सुनाइ खण्डका लागि, संयुक्त अङ्क प्रदान गरिन्छ जुन न्यून, मध्य, उच्च, वा उत्कृष्टको दायरा भित्र पर्छ ।
WIDA परीक्षण प्रयोग गरेर ग्रेड 1-12 का विद्यार्थीहरूको मूल्याङ्कन लिइन्छ ।

## यी अङ्कहरू कसरी प्रयोग गरिनेछ ?

यी नतिजाहरूले जिल्ला प्रवेश गरेपछि बच्चाको अङ्ग्रेजी भाषाका क्षमताहरूको आधार रेखाको रूपमा काम गर्छन् । यसले अङ्ग्रेजी भाषा पहिचान गर्ने प्रक्रियामा सहयोग पुर्याउँछ । शिक्षक र प्रशासकहरूको एउटा टोलीले विद्यार्थीलाई अतिरिक्त सहयोग आवश्यक पर्छ कि पर्दैन भनेर निर्धारण गर्न यो अङ्क प्रयोग गर्छन् । पर्याप्त अङ्क हासिल गर्ने विद्यार्थीहरूलाई जिल्लामा प्रवेश गरेपछि निपूर्ण भनी वर्गीकृत गरिन सक्छ ।

## अतिरिक्त जानकारी:

हामी तपाईंलाई आफ्नो बच्चाको शिक्षामा संलग्न हुन प्रोत्साहित गर्छौं । कृपया तपाईंले आफ्नो बच्चालाई घरमा र जाँचको बन्दोबस्तीको उपलब्धतामा कसरी सहयोग गर्न सक्नु हुन्छ भन्ने कुराको जानकारी लिन आफ्नो विद्यार्थीका शिक्षकलाई सम्पर्क गर्न संकोच नमान्नुहोस् ।

**थप सूचना: WIDA**

- www.wida.us/assessment/

**थप सूचना: मूल्याङ्कनहरू**
निम्न वेबसाइट भ्रमण गर्नुहोस्:

- http://assessments.dpsk12.org

तपाईंसँग मूल्याङ्कनको सम्बन्धमा कुनै पनि प्रश्न वा सरोकारहरू छन् भने कृपया सिधैं आफ्नो बच्चाको विद्यालयमा सम्पर्क गर्नुहोस् वा Family Constituency Services लाई (720) 423-3054 मा फोन गर्नुहोस् ।